"समुन्नत इलाम सम्पन्न इलामेली"

इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

Green Ilam

पत्र संख्याः ०८१/८२ (सामान्य प्रशासन शाखा)
च.नं.:

भानुपथ, इलाम
कोशी प्रदेश, नेपाल।
मितिः २०८२।०२।१८
ने.सं.: ११४५ तछलाथ्व ५ आइतबार

**विषय : तह वृद्धिको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**
**( सूचना प्रकाशित मिति : २०८२।०२।१८ )**

प्रस्तुत विषयमा कोशी प्रदेश सरकारबाट जारी "स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८०" को दफा २७ को उपदफा (३) तथा "इलाम नगरपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधी, २०८१" को दफा ४ को उपदफा (१) तथा कार्यविधिको दफा ७ बमोजिमको योग्यता पुगेका र यस नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुले कार्यविधिको दफा ८ बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना साथ जानकारी गराईन्छ ।

**उम्मेद्वारले दरखास्त दिँदा ध्यान दिनुपर्ने कुराहरु :**

१. इलाम नगरपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधी, २०८१ को अनूसूची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

२. आवश्यक कागजातहरु :

- शुरु नियुक्तिपत्रको प्रतिलिपी,
- बढुवा भएको भए सो सम्बन्धी कागजातको प्रतिलिपी,
- यस अघि स्तरवृद्धि/तहवृद्धि भएको भए सोको प्रतिलिपी,
- सेवा अवधि प्रमाणित सम्बन्धी कागजातको प्रतिलिपी,
- समायोजन भएको भए सो सम्बन्धी कागजातको प्रतिलिपी,
- सेवाकालीन तालिम लिएको भए सो सम्बन्धी कागजातको प्रतिलिपी,
- पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको सक्कल प्रति ,
- सेवा समूहसँग सम्बन्धित न्यूनतम शैक्षिक योग्यता खुल्ने प्रमाणित कागजात,
- गयलकट्टी नभएको, सेवामा निरन्तर रहेको, विभागिय कारवाहीमा नपरेको, पेशा सम्बन्धी व्यवसायिक परिपद्ले उपलब्ध गराउने पदमा रहेको भए सो परिषद्ले उपलब्ध गराउने प्रमाणपत्र सम्बन्धी कागजातहरु सम्भाव्य उम्मेद्वार स्वयंले प्रमाणित गरेको प्रति समेत पेश गर्नु पर्नेछ।

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

३. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहहरुको हकमा समायोजन पूर्वको सेवा समूह समेत स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

**द्रष्टव्य :**

१. २०८२ साल असार मसान्त सम्ममा ५ वर्ष सेवा अवधि पुरा हुने पाँचौ, सातौं र नवौं तहका कर्मचारीहरुले तहवृद्धिको लागि तोकिएको समयभित्र निवेदन दिईसक्नु पर्नेछ ।

Phone No.:- ०२७-५२००९७, ०२७-५२००३१, Website:- www.ilammun.gov.np
Email:-info@ilammun@gov.np, mun.ilam@gmail.com

CamScanner